## लिखु गाउँ कार्यपालिकाको बैठक संख्या - ७, (आ.व. २०८२/०८३)

आज मिति २०८२/१०/२५ गते आइतबार, बिहानको ११ बजे लिखु गाउँपालिकाका अध्यक्ष श्री अशोक कुमार कार्कीज्यूको अध्यक्षतामा तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्तावहरुमा छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.स. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री अशोक कुमार कार्की | |
| २. | वडाध्यक्ष, वडा नं. १ | श्री हिरा बहादुर कार्की | |
| ३. | वडाध्यक्ष, वडा नं. २ | श्री राम कुमार बुढाथोकी | |
| ४. | वडाध्यक्ष, वडा नं. ३ | श्री सोकर्ण श्रेष्ठ | |
| ५. | वडाध्यक्ष, वडा नं. ४ | श्री घनबहादुर कार्की | |
| ६. | वडाध्यक्ष, वडा नं. ५ | श्री मोहन कार्की | |
| ७. | वडाध्यक्ष, वडा नं. ६ | श्री टिका बहादुर क्याप्छाकी | |
| ८. | वडाध्यक्ष, वडा नं. ७ | श्री तारा बहादुर तामाङ | |
| ९. | वडाध्यक्ष, वडा नं. ८ | श्री पुरुषोत्तम पौडेल | |
| १०. | वडाध्यक्ष, वडा नं. ९ | श्री केशवहरी ढुंगेल | |
| ११. | कार्यपालिका सदस्य | श्री ईला बहादुर मुदेल | |
| १२. | कार्यपालिका सदस्य | श्री पशुपति सुनुवार | |
| १३. | कार्यपालिका सदस्य | श्री कमला कार्की | |
| १४. | कार्यपालिका सदस्य | श्री रेणुका मगर | |
| १५. | कार्यपालिका सदस्य | श्री अम्बिका बिश्वकर्मा | |
| १६. | कार्यपालिका सदस्य | श्री गितादेवी बर्मे | |
| १७. | सदस्य सचिव | श्री अर्जुन कुमार राउत | |

**सहायक कर्मचारीहरु:**

श्री कर्ण बहादुर कार्की - कार्यालय सहयोगी

श्री रवि कटवाल - कार्यालय सहयोगी

**बैठक संख्या: ७**

**क. मिति: २०८२/१०/२५ गते बुधबार**

**ख. बिहान: ११:०० बजे**

---

**क) प्रस्तावित विषयहरु:**

१. समीक्षा सम्बन्धमा,

२. सडक बोर्डसँग रकम साझेदारी सम्बन्धमा,

३. न्यायिक समिति संयोजक तोक्ने सम्बन्धमा,

४. अपाङ्गता समन्वय समितिको संयोजक तोक्ने सम्बन्धमा,

५. अनुगमन समिति संयोजक तोक्ने सम्बन्धमा,

६. आर्थिक समिति संयोजक तोक्ने सम्बन्धमा,

७. विविध समसामयिक विषयका सम्बन्धमा ।

**निर्णय नं १,**

प्रस्ताव नं. १ माथि आवश्यक छलफल गर्दा, विगतका कार्यपालिकाको बैठकका निर्णयहरु क्रमश: प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको अवस्थामा यसलाई थप प्रभावकारी बनाउन सरोकारवाला पक्षहरु बिचमा समन्वय गरी कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं २,**

प्रस्ताव नं.२ माथि आवश्यक छलफल गर्दा आ.व. २०८१/८२ मा सडकबोर्ड नेपालसँगको साझेदारीमा लिखु गाउँपालिका वडा नं ४ र ५ अन्तर्गत कुटीडाँडा, शेर्पामोड, पालिका गेट हुँदै बाङ्गेपिपल जाने सडक स्तरोन्नति आयोजना सञ्चालन गर्ने सर्वसम्मत निर्णय गरियो। नियमानुसारको साझेदारी रकम गाउँपालिका विकास पूर्वाधारअन्तर्गत व्यहोरिने प्रतिवद्धतासमेत गर्ने निर्णय गरियो।

**निर्णय नं ३,**

प्रस्ताव नं. ३ माथि आवश्यक छलफल गर्दा न्यायिक समिति संयोजकको पद रिक्त भएकोले अर्को व्यवस्था नभएसम्मका लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४८ (४) बमोजिम जिम्मेवारी प्रदान गर्ने तथा २ जना सदस्यमध्ये जेष्ठ सदस्य श्री घन बहादुर कार्कीलाई समितिको संयोजकको जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ४,**

प्रस्ताव नं. ४ माथि आवश्यक छलफल गर्दा अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को दफा ४२ (१) तथा लिखु गाउँपालिकाको अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ को दफा ६(१) बमोजिमको स्थानीय समन्वय समितिको संयोजकको पद रिक्त रहेकोले अर्को व्यवस्था नभएसम्मका लागि संयोजकको रुपमा कार्य रुपमा काम गर्ने गरी लिखु गाउँपालिका वडा नं. ९ का अध्यक्ष केशवहरी ढुङ्गेललाई जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ५,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा अनुगमन तथा मूल्याङ्कन ऐन, २०८० को दफा १५ (२) लिखु गाउँपालिकाको अनुगमन समितिको कार्यसञ्चालन कार्यविधि, २०८२ को दफा ३ (क) बमोजिम संयोजकको पद रिक्त रहेको हुनाले अर्को व्यवस्था नभएसम्मका लागि सो को जिम्मेवारी लिखु गाउँपालिका वडा नं. ५ का अध्यक्ष मोहन कार्कीलाई जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ६,**

प्रस्ताव नं. ५ माथि आवश्यक छलफल गर्दा लिखु गाउँपालिका (कार्य सम्पादन) नियमावली, २०७४ को नियम १५ को उपनियम १(ख) बमोजिमको आर्थिक विकास समितिका संयोजक मोहन कार्कीले संयोजकको पदबाट राजिनामा दिनुभएकोले आर्थिक विकास समितिका संयोजकको रुपमा कार्य गर्न लिखु गाउँपालिका वडा नं. ७ का अध्यक्ष तारा बहादुर तामाङलाई जिम्मेवारी तोक्ने सर्वसम्मत निर्णय गरियो।

**निर्णय नं. ७,**

प्रस्ताव नं. ७ माथि आवश्यक छलफल गर्दा, लिखु गाउँपालिका कार्यपालिकाको आगामी बैठक आवश्यकता अनुसार बस्ने सर्वसम्मत निर्णय गरियो।